**Prāgyik Prabāha** Vol. 11, No. 1: 138-150, April 2023 Tribhuvan University Teachers' Association, Tribhuvan Multiple Campus, Tribhuvan University, Nepal

# *तोदा* उपन्यासमा अभिघात

***डा. शंकरप्रसाद गैरे***

*gaireshankar2012@gmail.com*

*उपप्राध्यापक : नेपाली*

*त्रिभुवन विश्वविद्यालय, त्रिभुवन बहुमुखी क्याम्पस, पाल्पा*

***Article History:*** *Received 10 August 2022; Reviewed 08 October 2022; Revised 25 December 2022; Accepted 15 January 2023*

**लेखसार**

*प्रस्तुत अनुसन्धानमूलक लेख 'तोदा' उपन्यासको विश्लेषणमा केन्द्रित रहेको छ । 'तोदा' उमा सुवेदीको पहिलो उपन्यास हो । प्रस्तुत उपन्यासमा माओवादी द्वन्द्वबाट प्रभावित भई विदेसिएका युवतीहरूले इजरायलमा केयर गिभरको काम गर्नुपरेको विषयलाई प्रस्तुत गरिएको छ । उनीहरूले नेपालमा र इजरायलमा रोजगारीका सन्दर्भमा भोग्नुपरेका अनेक भय, त्रास, भौतिक तथा मानसिक पीडाहरू यसमा अभिव्यक्त छ । बलात्कार, प्रेमको नाममा पाएको धोका, लोग्नेका अन्य स्त्रीप्रतिका आशक्ति र नाजायज सम्बन्ध र आफूप्रतिका बेवास्ता जस्ता घटना, आफन्तहरूले आर्थिक हिनामिना गरिदिएर उत्पन्न पीडालाई उपन्यासमा अभिव्यक्त गरिएको छ । त्यसैगरी जर्मनेली यहुदीहरूमाथि हिटलर र उसको नाजी सेनाले गरेको अन्याय, अत्याचार, दमन, शोषण आफन्तजनहरूको हत्या लगायत भागेर ज्यान जोगाउँदै इजरायल आई पुनर्जीवन यापनमा लागेका यहुदी वृद्ध नारीहरूका मनमा बास गरेको हिटलरको भयलाई उपन्यासले प्रस्तुत गरेको छ । मान्छेमा हुने युद्ध, द्वन्द्व आदि कारणले शारीरिक तथा मानसिक रूपमा उत्पन्न हुने अल्पकालीन वा दीर्घकालीन पीडा, भय त्रासलाई अभिघात भनिन्छ । साहित्यमा अभिव्यक्त यस्ता विषयको अध्ययन अभिघातपरक समालोचनाअन्तर्गत गरिन्छ । प्रस्तुत अनुसन्धानमूलक लेखमा अभिघात समालोचनाको सैद्धान्तिक स्वरूपलाई प्रस्तुत गरी त्यही सिद्धान्तका आधारमा प्रस्तुत उपन्यासमा प्रयुक्त पात्रका जीवनमा घटेका अभिघातजन्य अवस्थाको अभिव्यक्ति केकस्तो छ ? भन्ने समस्यामा केन्द्रित रहेर यो आलेख तयार पारिएको छ । यसमा विश्लेषणात्मक विधिको प्रयोगद्वारा पात्रका जीवनमा घटित अभिघातजन्य अवस्थाको पहिचान तथा विश्लेषण गरी उनीहरूका जीवनमा केकस्ता घटनाका माध्यमबाट अभिघातजन्य अवस्थाको सिर्जना भएको छ र त्यसमा कसरी अभिघातको अवस्था सिर्जना भएको छ भन्ने कुराको निष्कर्ष निकाली अभिघातका दृष्टिले विश्लेष्य कृतिको मूल्य निरूपण गरिएको छ ।*

***शब्दकुञ्जी :*** *अन्तर्घात, द्वन्द्व, मानसिक पीडा, युद्ध, हिंसा ।*

## विषयपरिचय

*तोदा* उमा सुवेदीको पहिलो उपन्यास हो । २०७० सालमा प्रकाशित प्रस्तुत उपन्यासको नामकरण गरिएको तोदा शब्दले धन्यवाद भन्ने अर्थ दिन्छ । यो इजरायली भाषाको शब्द हो । प्रस्तुत उपन्यासमा जर्मनीमा हिटलरले यहुदीहरूमाथि दमन, अन्याय, अत्याचार गरेर हत्या गर्न थालेपछि आफन्तहरूलाई गुमाएर ज्यान

जोगाउन भागेका नारीहरूले इजरायलमा आएर बसेको विषयलाई प्रस्तुत गरिएको छ । उनीहरूले वर्षौंअघि भोगेका ती यातनाबाट मुक्त हुन नसकेर हरेक क्षण हिटरलको भय, त्रासमा बाँचेको विषय उपन्यासमा अभिव्यक्त छ । अर्कोतर्फ नेपालमा दश वर्षसम्म चलेको सशस्त्र द्वन्द्वबाट विभिन्न तरिकाले प्रभावित बनेर काठमाडौं हुँदै इजरायल पुगेका नेपाली युवतीहरूले नेपालमा रहँदा वा इजरायलमा रहँदा माओवादी द्वन्द्वका कारण द्वन्द्वरत पक्ष र राज्यपक्षबाट भोगेका पीडा, आफ्नै भन्नेबाट बलात्कृत हुनुपर्दाका पीडा, प्रेमी भनाउँदाबाट ठगिनुका पीडा, लोग्ने परस्त्रीतर्फ लागेर बेवास्ता गर्दाका पीडा, लगायतका अनेक किसिमका पीडा, त्रास, चोटलाई उपन्यासले प्रस्तुत गरेको छ । उपन्यासका प्रमुख तथा सहायक पात्रका रूपमा उपस्थित प्रायः नेपाली र इजरायली नारीहरूका अभिघातजन्य जीवन भोगाइलाई नै कथ्य विषयका रूपमा प्रस्तुत गरेको पाइन्छ । त्यसैले प्रस्तुत उपन्यास अभिघातपरक दृष्टिले सबल औपन्यासिक कृतिका रूपमा देखापरेको छ । प्रस्तुत लेखमा अभिघात समालोचनाको सैद्धान्तिक पर्याधार प्रस्तुत गरी सोही आधारमा उपन्यासमा अभिव्यक्त अभिघातजन्य विषयवस्तुको अध्ययन विश्लेषण गरिएको छ । विश्लेषण प्रक्रियालाई अगाडि बढाउने सन्दर्भमा *तोदा* उपन्यासका पात्रहरूमा अभिघातजन्य अवस्थाको केकस्तो प्रस्तुति पाइन्छ ? भन्ने मुख्य प्राज्ञिक प्रश्नमा केन्द्रित रहेर उक्त प्रश्नको उत्तर पहिचान गर्ने क्रममा *तोदा* उपन्यासमा अभिव्यक्त पात्रहरूले भोगेका भौतिक तथा मानसिक अभिघातजन्य अवस्थाको पहिचान, अध्ययन, विश्लेषण गरी त्यसको मूल्य निरूपण गर्नु नै प्रस्तुत अनुसन्धेय लेखको उद्देश्य निर्धारण गरिएको छ । प्रस्तुत उपन्यासको कथ्यका आधारमा *तोदा* उपन्यास अभिघातजन्य लेखनका दृष्टिले सशक्त छ भन्ने देखिए पनि यस दृष्टिकोणबाट विश्लेषणात्मक अध्ययन हुन सकेको पाइँदैन, सोही रिक्ततापूर्तिमा लेख केन्द्रित रहेको छ । उपन्यासले नेपाल छोडेर इजरायल पुगेका युवतीहरू तथा हिटलरको आतङ्कबाट भाग्दै इजरायल पुगेका वृद्ध नारीहरूको कथा भनेकाले उपन्यासलाई डायस्पोरा आदि सन्दर्भबाट तथा नारी पात्रहरूमा केन्द्रित कृति भएकोले नारीवादी सन्दर्भबाट समेत विश्लेषण गर्न सकिने भए पनि प्रस्तुत उपन्यासमा प्रयुक्त अभिघातको पहिचान तथा विश्लेषण गरी कृतिको मूल्य निरूपण गर्नु नै प्रस्तुत शोध्य लेखको क्षेत्र र सीमा रहेको छ । तसर्थ अभिघातपरक समस्या, उद्देश्य, औचित्य र सीमामा केन्द्रित रही *तोदा* उपन्यासलाई अभिघात सिद्धान्तका सापेक्षमा विश्लेषण गरी मूल्य निरूपण गरिएको छ ।

## अध्ययनविधि

प्रस्तुत अनुसन्धानमूलक लेख *तोदा* उपन्यासको अध्ययनमा आधारित रहेको छ । प्रस्तुत उपन्यासलाई अभिघात सिद्धान्तका सापेक्षतामा अध्ययन तथा विश्लेषण गरी निष्कर्ष निकाल्नका निम्ति अनुसन्धानको मूल आधार सामग्रीका रूपमा उमा सुवेदीको *तोदा* उपन्यासलाई लिइएको छ । प्रस्तुत अध्ययनलाई सम्पन्न गर्न पुस्तकालयको प्रयोग गरी द्वितीय स्रोतका सन्दर्भसामग्रीहरूको उपयोग गरी अभिघातको सैद्धान्तिक पर्याधार तयार पारिएको छ । युद्ध, द्वन्द्व आदिबाट हुने भौतिक क्षति मात्र नभई त्यसले अल्पकालीन तथा दीर्घकालीन रूपमा पर्ने मानसिक प्रभावलाई समेत अभिघात सिद्धान्तअन्तर्गत समेटिने हुँदा यही मान्यतामा आधारित भई पहिचानात्मक तथा विश्लेषणात्मक विधिको प्रयोग गरी अध्ययनको निष्कर्ष निकालिएको छ ।

## अभिघातको सैद्धान्तिक पर्याधार

साहित्य समालोचनाका क्षेत्रमा प्रचलित अभिघात तत्सम शब्द हो । 'अभि+हन्+घञ्' को योगबाट निर्मित यस शब्दले आघात पुऱ्याउनु, मार्नु, चोट पुऱ्याउनु, प्रहार गर्नु (आप्टे, सन् १९६९, पृ. ७०) भन्ने अर्थ दिन्छ । नेपाली बृहत् शब्दकोशले पनि अभिघातको अर्थ काटमार; प्रहार, कसैप्रति आक्रमण; हमला (त्रिपाठी, २०५८, पृ. ६१) भन्ने लगाएको पाइन्छ । अभिघात तत्सम शब्द भए पनि यस शब्दले बुझाउने

साहित्यसमालोचना विशेषको विकास भने पाश्चात्य साहित्यबाट भएको हो । अंग्रेजीमा यसलाई ट्रौमा भनिन्छ । अभिघात समालोचनाका पर्यायमा ट्रौमा थ्योरी भनिएको पाइन्छ । ट्रौमा थ्योरी अर्थात् अभिघात समालोचनालाई नवीन अवधारणा मानिन्छ । यसलाई उत्तरआधुनिक बहुलवादअन्तर्गतको एक सिद्धान्तका रूपमा लिइन्छ । समालेचनाका क्षेत्रमा यो नवीन अवधारणाका रूपमा देखापरेको भए पनि यस शब्दको प्रयोग परम्परा भने केही लामो देखिन्छ । लुचर्ड्सका अनुसार यस शब्दको प्रयोग सर्वप्रथम सत्रौँ शताब्दीमा भएको हो । त्यसबेला यसको प्रयोग स्वास्थ्य क्षेत्रमा अभिघातित, अभिघातवाद, अभिघातीकरणको शारीरिक चिरफार वा बाहिरी घाउ भन्ने अर्थमा गरिएको पाइन्छ भने सन् १८९५ तिर आउँदा यस शब्दले शारीरिक आघात, स्नायविक विकृति भन्ने अर्थ दिएको पाइन्छ (पौड्याल, २०७०, पृ. १२२) । यसका साथै उन्नाइसौँ शताब्दीको अन्तिम चरणमा आइपुग्दा यसले शारीरिक आघातबाट क्रमशः मानसिक आघातलाई बुझाउनेतर्फ लक्षित हुन थालेको देखिन्छ ।

अभिघात सिद्धान्त उत्तरआधुनिक समालोचनाका क्षेत्रमा देखिएको नवीन अवधारणा हो । युद्धका कथाहरू युगौँदेखि लेखिँदै आए पनि विशेषतः प्रथम र दोस्रो विश्वयुद्धले मानवजीवनमा पारेका र छोडेका छापहरू नै अभिघात हुन् भने त्यसैको अभिव्यक्ति भएका साहित्यको अध्ययन अभिघात समालोचनाअन्तर्गत गरिन्छ । यस सिद्धान्तको स्थापनाका लागि ज्याक डेरिडाको महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ भने यसलाई विकसित तुल्याउने कार्य जेफ्री हार्टम्यानले गरेको मानिन्छ (शर्मा, २०६६, पृ. ६३) ।

आरम्भमा अभिघातले दैहिक क्षति र पीडालाई बुझाउने गरेको देखिन्छ । विशेषतः युद्ध, दुर्घटना आदि क्रममा मारिएका चोटपटक लागेका वा अङ्गभङ्ग भएकाहरूलाई नै यसअन्तर्गत बुझ्ने गरेको पाइन्छ भने १९ औँ शताब्दीको अन्त्यदेखि यसले क्रमशः मानसिक पीडालाई पनि बुझाउन थालको देखिन्छ । भौतिक आघातबाट यो कसरी मानसिक आघातमा परिणत भयो भन्ने सन्दर्भमा गोविन्दराज भट्टराईले भनेका छन् :

> भिक्टोरियन कालमा रेल्वे दुर्घटनामा परेर थला पर्ने शकको बिरामीलाई रेल्वे स्पाइल भनियो । विस्तारै औषधविज्ञानीले के बुझे भने मानिस शारीरिक क्षतिबाट पूर्णतः निको भए पनि मानसिक रूपमा निको हुन समय लाग्दछ । यही तथ्यका आधारमा ट्रोमाटिक न्युरोसिस नामकरण गरिएको पाइन्छ । (भट्टराई, २०६४, पृ. २२९)

यसरी ट्रौमाले शारीरिक पीडा हुँदै मानसिक पीडा, मनोरोग आदिलाई बुझाउन थालेको देखिन्छ भने क्रमशः युद्ध र द्वन्द्वले सिर्जना गरेका अल्पकालीन तथा दीर्घकालीन प्रभाव र त्यसबाट उत्पन्न आघातलाई ट्रौमा अर्थात् अभिघात भनियो । यस किसिमको पीडाजन्य अनुभव र अनुभूतिको अभिव्यक्ति गर्ने साहित्यलाई अभिघात साहित्य र साहित्यसिर्जनामा अभिव्यक्त त्यस्ता घटना र ती घटनाको प्रभाव वहन गर्ने पात्र, परिवेश आदिको अध्ययन विश्लेषण अभिघात समालोचनाअन्तर्गत गरिन्छ ।

उत्तरआधुनिक साहित्य सिर्जना तथा समालोचनामा युद्धका कथा लेखन लोकप्रिय बन्दै गैरहेको छ । यसलाई युद्ध साहित्य भनिएको छ । युद्ध र द्वन्द्वलाई समानार्थ रूपमा प्रयोग गरी युद्ध साहित्य वा द्वन्द्व साहित्य भनिए पनि अत्यधिक समानता र सम्बन्ध रहँदारहँदै पनि यी दुई एउटै होइनन् भन्ने मान्यता रहिआएको छ । यी दुईका बीचको पृथकतालाई स्पष्ट पार्दै कुमारप्रसाद कोइरालाले भनेका छन् :

> द्वन्द्व भनेको दुई विपरीत वस्तु, गुण, अवस्था, विचार, भावना, आदिको जोडा ... मानसिक द्विविधा हो, यसको जन्म मनबाट हुन्छ भने युद्ध भनेको परस्पर बिरोधी दुई पक्षबीच एकले अर्कालाई मार्ने, हराउने, दमन गर्ने, आदि उद्देश्यले गरिएको आक्रमण लडाइँ वा सङ्ग्राम हो । (कोइराला, २०६८, पृ. २५४)

यी दुई बीचको सम्बन्ध र भिन्नतालाई हेर्दा अभिघात मूलतः युद्धसित सम्बन्धित रहने भए पनि पछिल्लो समयमा यसको अर्थ विस्तार तथा क्षेत्र विस्तार हुन गएको पाइन्छ । अभिघात समालोचनाले कृतिमा अभिव्यक्त युद्धजन्य सन्त्रास एवम् आतङ्कमय वातावरणको विश्लेषण गर्नु, युद्धजन्य विक्षिप्त मनोदशाको खोजी गर्नु, कृतिमा वर्णित युद्धजन्य कारुणिक दुःख र बीभत्स पक्षलाई देखाउनु र युद्धका कारण, त्यसको परिणति र परिस्थितिको विश्लेषण गर्नु (गौतम, २०६७, पृ. ३९२) अभिघात सिद्धान्तको क्षेत्र हो । यतिमात्र नभई यसको अर्थ तथा क्षेत्र विस्तार हुन गई अभिघातले व्यक्तिले भोगेका मानसिक आघातदेखि लिएर सार्वजनिक जीवनसम्म छोएको छ । मनोरोगी यौनदुराचार आदि दुर्घटनाका आघात भोगीहरू विषय वा घटना अभिघातको विषयमा पर्दछन् (भट्टराई, २०६४, पृ. २२९) । सशस्त्र द्वन्द्वजन्य सन्त्रास र आतङ्कमय परिस्थितिको अध्ययन, युद्धको दोहोरो मारमा परेका जनताको विक्षिप्त मनोदशा, युद्ध वा द्वन्द्वका कृतिमा वर्णित कारुणिक, दुःखद, बीभत्स पक्षलाई देखाउनु, द्वन्द्वका कारण, परिणति र तत्जन्य परिस्थितिको विश्लेषण मूलतः अभिघातपरक समालोचनाको केन्द्र बन्ने गरेको पाइन्छ (गौतम, २०६६, पृ. ५५) । बाह्य अभिघात युद्ध, महाविनाश, नृशंस कृत्य आदिका कारण र आन्तरिक अभिघात घरपरिवार, आफन्तको चरम सङ्कटका कारण लाग्छ (शर्मा,  २०६६, पृ. ६२) । मूलतः प्रथम तथा दोस्रो विश्वयुद्ध र त्यसपछिका विभिन्न लडाइँ युद्ध, द्वन्द्व आदिका कारण प्रभावित समाजको अभिव्यक्ति हुने साहित्य जसले पात्रका, घटनाका परिवेश वा परिस्थितिका भयावहजन्य अवस्थाको चित्रण गर्छ, प्रस्तुति गर्छ त्यो अभिघात हुन्छ । यसप्रकार अभिघात अर्थात् ट्रौमाले युद्ध र दुर्घटनाबाट हुने मृत्यु, अङ्गभङ्ग हुँदै अर्थ विस्तार हुन गई युद्ध, दुर्घटना, द्वन्द्व लगायतका विभिन्न कारणबाट हुने शारीरिक क्षति वा प्रभावका साथै ती घटनाहरूले समाजमा र मान्छेका मनमा पार्ने दीर्घकालीन प्रभावलाई अभिघात भन्न थालिएको छ भने यस प्रकारको शारीरिक तथा मानसिक प्रभावको प्रस्तुति हुने सिर्जनालाई अभिघात सिर्जना भन्न सकिने र ती कृतिलाई अभिघात समालोचनाको सापेक्षतामा अध्ययन गर्न सकिने मान्यता विकसित भई त्यसको अभ्यास भैरहेको पाइन्छ ।

## अभिघात सिद्धान्तका सापेक्षमा तोदा उपन्यासको विश्लेषण

उमा सुवेदीको पहिलो उपन्यास *तोदा* अभिघातजन्य विषय प्रस्तुतिका दृष्टिले सशक्त कृतिका रूपमा देखापर्दछ । यस उपन्यासमा दुई भिन्नभिन्न समयका र भिन्नभिन्न प्रकृतिका युद्ध र त्यसबाट प्रभावित पात्रहरूका मनोदशालाई प्रस्तुत गर्नुका साथै युद्धइतर घटना द्वन्द्व आदिका कारण मानसिक आघात भोगिरहेका पात्रहरूको कथा प्रस्तुत गरिएको छ । ऐतिहासिक घटनालाई सामाजिक विषय र कथामा रूपान्तरण गरी प्रस्तुत गरिएको यस उपन्यासमा सरल स्वभावका पात्रहरूले परिस्थितिजन्य उपजका कारण भोग्नुपरेको जटिल जीवनलाई प्रस्तुत गरिएको छ । यस उपन्यासमा एकातर्फ दोस्रो विश्वयुद्धमा हिटलरद्वारा असंख्य यहुदीहरूको निर्मम हत्या गरिएको घटनालाई प्रस्तुत गरिएको छ भने हिटलरको त्यो जघन्य आततायी हमलाबाट बचेर भाग्न सफल भएकाहरूले जीवनभर त्यस त्रासलाई बोकेर, क्षणक्षणमा डराउँदै त्रसित हुँदै बाच्नुपरेका दुर्दशाहरूलाई प्रस्तुत गरिएको छ । अर्कोतर्फ नेपालमा दश वर्षसम्म चलेको माओवादी युद्ध, त्यसले पारेको प्रभाव, एकातिर युद्धरत माओवादी छापामारहरूको आक्रमणमा आफन्त गुमाउनुको पीडा र अर्कोतर्फ राज्यपक्षबाट गरिएका कारवाहीमा परेर लापता भएका आफन्तका पीडा उपन्यासमा अभिव्यक्त भएका छन् । नोकरी लगाइदिने आश्वासनमा झुक्याएर गरिने यौनदुर्व्यवहार, प्रेमको नाममा गरिने शारीरिक, आर्थिक शोषण, तथा त्यसबाट उन्मुक्त हुन चाहँदा मानसिक भय सिर्जना गरेर लखेट्ने प्रवृत्तिबाट पात्रका मनमा उत्पन्न भय, त्रासजन्य अभिघातको अभिव्यक्ति यस उपन्यासमा प्रस्तुत गरिएको पाइन्छ ।

अभिघातजन्य जीवनभोगाइबाट प्रताडित; त्यसबाट सुरक्षार्थ भागिरहेका पात्रहरू यस उपन्यासमा प्रायः नारीहरू नै छन् । उपन्यासकी प्रमुख केन्द्रीय पात्र पार्वतीको कथा होस् वा अर्की महत्त्वपूर्ण नारीपात्र रोशनी होस् यी दुवैले भयाक्रान्त जीवन भोगिरहेको पाइन्छ । त्यसबाट उन्मुक्तिका लागि दौडिरहेका र सङ्घर्ष गरिरहेका यी पात्रका जीवनमा पटकपटक यस्ता दुर्घटनाहरू उत्पन्न भएको देखिन्छ, जसले अभिघातित जीवनभोगाइको चरम कारुणिकतालाई प्रस्तुत गर्दछ भने हिटलरको निरङ्कुश नरसंहारलाई भोगेर भाग्दैभाग्दै जर्मनीबाट इजरायल आएर पति र छोरीहरूलाई गुमाएकी स्वयं अंगभङ्ग हुँदै इजरायल आएर आत्मरक्षा गरेकी इनेस, उसकी साथी सुहाम होस् वा खाया होस् यी सबै यहुदी नारीहरू हिटलरले दिएका भयबाट आतङ्कित मानसिकता बोकेर जीवन बाचिरहेका पात्रहरू हुन् । अब्राहम, मिसेल, थिरकुमारी र नीतिको कथा पनि यस उपन्यासमा अभिघातका दृष्टिकोणले विशेष महत्त्वका छन् ।

उपन्यासमा प्रयोग गरिएका नेपाली नारीहरू उमेरका दृष्टिले युवा छन् भने इजरायली नारीहरू वृद्ध छन् । इजरायली वृद्ध नारीहरू र नेपाली युवतीहरूलाई एउटै कथासूत्रमा जोडेर हिटलर युगको आततायी जघन्य र बीभत्स हत्या शृङ्खलाबाट प्रताडित र प्रभावित वृद्ध यहुदी नारीहरू तथा २०५२ देखि २०६२ सम्म चलेको नेपालको माओवादी विद्रोहलाई भोगेका युवतीहरूलाई एउटै कथासूत्रमा जोडेर प्रस्तुत गर्ने माध्यमका रूपमा नेपाली युवतीहरू केयर गिभरका रूपमा इजरायल जानु बनेको छ । यसरी नजिक बनेका इजरायली (यहुदी) वृद्ध नारीहरू र नेपाली युवतीहरूका बीचको सम्बन्धबाट उपन्यासका घटनाक्रमहरू प्रस्तुत भएको यस उपन्यासमा कथाको कथानक निश्चित रैखिक ढाँचामा विकसित भएको पाइँदैन । विभिन्न नाममा नामाङ्कित अध्यायहरूमा विभक्त उपन्यासमा घटना शृङ्खलाहरू खण्डित रूपमा प्रस्तुत भएका छन् । उपन्यासमा प्रस्तुत भएका अभिघातजन्य घटनाहरू वा दुर्घटनाहरू पात्रका वैयक्तिक जीवनसँग सम्बन्धित छन् । कुनै पनि पात्रले एउटै घटनालाई संयुक्त रूपमा भोगेको पाइँदैन । त्यसकारण यहाँ पात्रहरूका नामलाई नै उपशीर्षकका रूपमा चयन गरी विषयको विश्लेषण गरिएको छ ।

### *पार्वतीको अभिघात भोगाइ*

पार्वती *तोदा* उपन्यासकी केन्द्रीय पात्र हो । उपन्यासमा उसको बाल्यकालदेखिका अनेक घटनाहरू प्रस्तुत गरिएको छ । अन्य पात्रहरू उसकै कथासँग जोडिएर आएका छन् भने उसको कथाको एउटा सङ्घर्षमय उत्कर्षमा उपन्यास टुङ्गिएको छ । उपन्यासका सबैजसो प्रमुख पात्रहरूले जीवनका अभिघात भोगेका छन् । तापनि पार्वतीले भोगेको अभिघातित भोगाइहरू अधिक उघ्रिएका छन् । त्यसकारण पनि उपन्यासमा पार्वती प्रमुख केन्द्रीय पात्रका रूपमा उपस्थित देखिन्छे ।

पाँचथर डुम्रिभोटेमा जन्मिएर बाबुआमासहित होक्से बुधबारेमा बसाइ सरेकी पार्वती बाल्यकालमा बाबुको माया पाउदिन । बाबुलाई छोरो पाउने रहर हुन्छ तर ऊ छोरी बनेर जन्मेकाले बाबुको मायाको अधिकारबाट वञ्चित हुन्छे । बाबु उसलाई स्कुल पठाउन पनि चाहँदैनन् । बाबुले बुधबारेमा चिया दोकान खोलेपछि त्यहाँका सारा भाँडा माझ्ने काम उसको हुन्छ । आफ्ना दाजु र भाइलाई पढाउने धोको पालेका पार्वतीका बाबुले एकदिन जेठो छोराले केटी लिएर हिँडेको थाहा पाएपछि पहिलोपटक शिरमा सुमसुम्याउदै “आजदेखि तैं भइस् मेरो छोरा” (पृ. ५९) भन्छन् । त्यही दिन सेन्टअप परीक्षामा उत्कृष्ट नतिजा ल्याएर सबैभन्दा पहिला बालाई सुनाउने रहर बोकेर घर फर्किएकी पार्वती माओवादी भनेर बालाई पुलिसले लगेको खबर सुन्छे । त्यसपछि उसका बाको नाम जनयुद्धमा बेपत्ता भएकाको लिस्टमा पर्छ ।

केही समयपछि पार्वतीको भाइ पनि जनयुद्धमा लाग्छ । दाइ भाउजू घर फर्किए पनि काम गर्दैनन् । माओवादी जनसेना घरमा आएर पार्वतीलाई पनि जनयुद्धमा लाग्न दवाव दिन थालेपछि आमा उसलाई काठमाडौं पठाउँछिन् । काठमाडौंमा जीविकोपार्जनका निम्ति कामको खोजीमा लागेकी पार्वतीलाई कसैले पनि क्षमताको कुरा नसोधेर रूपको कुरा गर्छन् । एकदिन बाटोमा भेटिएको शंकर दाइलाई काम खोजिदिन भनेपछि रिसेप्सनिष्टको काम मिलाइदिने आश्वासन दिई होटलमा पुऱ्याएको शंकरले बेहोस बनाई बलात्कार गर्छ । शंकरलाई कारवाही गर्ने अठोट लिएर एकजना जिल्लाका भूतपूर्व सांसदकहाँ जाँदा शंकरलाई उनकै घरमा देख्छे र अर्को दिनको पत्रिकामा तिनै नेताले शंकरजस्ता नेताको प्रशंसामा लेखेको लेख पढेपछि त्यताबाट आस मरेर इजरायल जाने निधो गर्छे ।

त्रिचन्द्र कलेजमा पढ्ने विद्यार्थी नेता समुद्रसँग नजिकिँदै गएपछि पार्वती र समुद्र एकअर्कालाई प्रेम गर्छन् । पार्वतीले समुद्रसँग शंकरले आफूलाई बलात्कार गरेको कुरा सुनाउछे । त्यो सुनेर कुनै प्रतिक्रिया नदिएको समुद्र अर्कोदिन थाहै नदिई डेरा सर्छ । आफ्नो पहिलो प्रेममाथि गरेको विश्वासको परिणाममा प्रेमी समुद्रको व्यवहारका विषयमा उपन्यासमा भनिएको छ “यो पार्वतीको पहिलो प्रेम थियो । प्रेमबाट पाएको पहिलो चोट पनि यही थियो । त्यसैले शंकरको बलात्कारभन्दा प्रेममा पाएको यो चोटले उसलाई अझ बढ्ता आहत बनायो” (पृ. १२८) । यसरी समुद्रबाट धोका पाएपछि इजरायल गएकी पार्वतीलाई समुद्रले धेरै समयपछि म्यासेज लेखेर “मैले तिमीलाई अझ बिर्सिएको छैन पार्वती” (पृ. ११३) भन्छ । धेरै सोँचेपछि पार्वतीले समुद्रलाई पुनः स्वीकार गर्छे । समुद्र उसलाई नेपाल फर्कन आग्रह गर्छ । पार्वतीलाई विश्वस्त तुल्याएपछि पहिला व्यापार गर्न र त्यसपछि बाइक किन्न भनी सहयोग माग्छ । पार्वतीको सहयोग लिएपछि समुद्रले शंकरकी बहिनीसँग बिहे गर्छ । यसरी एउटै व्यक्तिबाट पार्वतीले दुईपटक धोका खाएकी छ, जो उसको जीवनको अभिघात हो । इजरायलको समुद्री छालसँग विशेष आकर्षित बनेकी पार्वतीलाई साथी रोशनी प्रायः समुद्रको भर हुँदैन भन्ने गर्छे तर उसको कुरा नसुनेर समुद्रमा रहराउने पार्वती एकदिन समुद्रको छालबाट मुस्किलले बाँचेर फर्किएकी हुन्छे । त्यसैदिन प्रेमी समुद्रले उसलाई धोका दिएको विषय उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> साँझ फेसबुक खोली पार्वतीले त्यसपछि भने पूरा विश्वास भयो पार्वतीलाई, समुद्रको विश्वास साँच्चै नहुने रहेछ । उसका आँखाबाट आँसु बग्न थाल्यो । उसले धमिलो धमिलो भए पनि समुद्रको फेसबुक वालमा अपलोड गरिएका तस्विरहरू देखी ।
>
> समुद्रको विवाहका तस्विरहरू थिए ती ।
>
> उसले शंकरकी बहिनीसित बिहे गरेको थियो ।” (पृ. १३३)

प्रस्तुत घटना पार्वतीको जीवनमा घटेको अभिघातजन्य घटनाको ज्वलन्त उदाहरण हो । काठमाडौं एउटै घरमा बस्दा प्रेममा परेको समुद्रले पार्वतीले आफू शंकरबाट बलात्कृत भएको कुरा बताएपछि एकाएक डेरा छोडेर सम्पर्क बिहीन भएको हुन्छ । पार्वती इजरायल गएपछि स्वयं आफूले नै मेसेज लेखेर नजिक हुन्छ र प्रेमलाई निरन्तरता दिने आशयमा नेपाल फर्किन आग्रह गर्छ । व्यापार गर्ने बहानामा पार्वतीसँग सहयोग मागेर पार्वतीलाई बलात्कार गर्ने शंकरकै बहिनीसँग विवाह गर्छ । यस घटनाले पार्वतीको मनमा र जीवनमा जुन दुर्घटना देखिएको छ त्यो नै अभिघात हो ।

पार्वतीको जीवनमा उत्पन्न अभिघातजन्य घटना यो मात्र हुँदैन । आमाको तीव्र आग्रहमा नेपाल आएर इनिस्पेक्टर सागरसँग विवाह गरेर घरजममै रमाउन चाहेकी पार्वती लोग्नेकै आग्रहमा पुनः इजरायल फर्कन्छे ।

बिहे गरेर इजरायल फर्केको केही समयमा माओवादी आक्रमणमा परी लोग्नेको मृत्यु भएको घटना पार्वतीको जीवनमा देखापरेको अर्को महत्त्वपूर्ण अभिघात हो । लोग्नेको मृत्युको खबर सुनेर बेहोस बनी ढलेकी पार्वतीको त्यस घटनालाई यसरी प्रस्तुत गरिएको छ- "एक्कासी ढ्वाङ्ङ ... आवाज सुनेर (इनेस) छक्क परिन् अनि पार्वतीलाई बोलाइन् । दुईतीनपटक बोलाउँदा पनि कुनै जवाफ नआएपछि उनी धर्मराउँदै उठिन् ... तर ढोकामा नपुग्दै आत्तिइन् । आधा शरीर ढोकाभित्र, आधा बाहिर भएर पार्वती ढलेकी थिई" (पृ. २२०) । लोग्नेको क्रिया गर्न नेपाल पुगेकी पार्वतीलाई उसकै कडा दसाका कारण छोराको मृत्यु भएको भन्दै सासूले "मलाई अब पार्वतीको मुख पनि हेर्नु छैन । त्यसलाई मेरा सामु नपर्नु भन्नू" (पृ. २२५) भन्छिन् । पार्वतीले जीवनभरि कमाएर जम्मा गरेको पैसा लोग्नेका नाममा गरेकी हुन्छे । सासु र देवरले त्यो नदिनुजस्ता घटना उसको जीवनका महत्त्वपूर्ण अभिघातजन्य घटना हुन् । पुनः इजरायल पुगेपछि पार्वती वृद्ध इनेसको सहयोग र प्रेमले मनोबल बलियो बनाएकी हुन्छे । केही समयपछि बिदा लिएर सदाका लागि स्वदेश फर्कन लागेकी पार्वती हिँड्नै लाग्दा इनेसको मृत्यु हुन्छ । एयरपोर्टका लागि ट्याक्सी पर्खिरहेका बेला आमाको फोन आउँछ । उनले पार्वतीको सारा पैसा ढुकुटी खेल्ने नाममा दाजुले सिध्याएकोले नेपाल नफर्कन आग्रह गरेपछि काम समेत छोडेर हिँडेकी पार्वतीको मनोदशालाई यसरी प्रस्तुत गरिएको छ "पार्वती अवाक् भई । स्तब्ध भई । विवेकशून्य भई । हतास भई ऊ । त्यसैले अब ऊ रुन चाहन्थी । ठूलो स्वरमा चिच्याएर आफ्नो मनको बह पोख्न चाहन्थी" (पृ. २६३) ।

यसरी पार्वतीले आफ्नो जीवनमा अनेक किसिमको अभिघातको सामना गर्नुपरेको देखिन्छ । बाल्यकालमा बाबुको तिरस्कार, बाबु बेपत्ता भएपछि आफूलाई जनयुद्धमा लाग्न दवाव आएपछि काठमाडौं छिरेकी पार्वती बलात्कृत हुनु, समुद्रले पटकपटक धोका दिनु, लोग्ने सागरको हत्या हुनु र सासूले तिरस्कार गर्नु, सम्पत्ति नफर्काउनु, अन्त्यमा सदाका लागि नेपाल फर्कन लागेकी पार्वतीलाई दाजुले सबै पैसा सिध्याएको भन्दै नेपाल नफर्कन भनी फोन गर्दा उसको जुन अवस्था सिर्जना हुन्छ, ती सबै पार्वतीको जीवनका प्रमुख अभिघातजन्य भोगाइहरू हुन् ।

### *रोशनीको अभिघात भोगाइ*

उपन्यास *तोदा*का पात्रहरूमध्ये जीवनको अभिघातजन्य भोगाइबाट प्रताडित अर्को महत्त्वपूर्ण पात्र रोशनी हो । पार्वतीभन्दा केही अघि केयरगिभरको कामका लागि इजरायल पुगेकी रोशनी पार्वतीकी साथी हो । बाहिरबाट जीवनप्रति कुनै चिन्ता नलिएजस्ती देखिने रोशनी आफ्नो जीवनमा अनेक घटना, दुर्घटना, पीडा भोगेकी पात्र हो । ऊ अन्त्यमा मानसिक पीडाले विक्षिप्त बन्न पुगेकी छ । त्यसकारण अभिघातजन्य जीवन भोगाइका दृष्टिले रोशनीको कथा पनि महत्त्वपूर्ण देखिन्छ ।

रोशनी उपन्यासका प्रमुख पात्रमध्येकी एक हो । 'ऊ पनि त रुन्छे नि, फ्ल्यासब्याकमा रोशनी' र 'रोशनीको बाँकी कथा' जस्ता अध्यायमा उसकै कथा भनिएको छ भने अन्य खण्डमा पनि ऊ उपस्थित छे । "अलिक उत्ताउली छे यो रोशनी । तर मन सफा छ" (पृ. २६) भन्ने परिचयबाट उसबारे उपन्यासमा भन्न थालिएको भए पनि उसले आफ्नो जीवनमा त्यस्ता थुप्रै अभिघातजन्य घटनाहरूको सामना गर्नुपरेको छ जसले उसको जीवनलाई कारुणिक, त्रासदपूर्ण, तुल्याएको देखिन्छ । बाहिर हेर्दा हँसिली, निस्फिक्री देखिने रोशनी जीवनमा कति धेरै चोट बोकेर हिँडेकी छ भन्ने कुरा उसले बाल्यकालदेखि भोग्दै आएको जीवनभोगाइले प्रस्तुत गरेको छ । रोशनीको जीवनमा पहिलो पीडा दाइको मृत्युका कारण भएको देखिन्छ । दाइको मुत्यु हुनु रोशनीका लागि आफैमा पीडाको विषय हो तर त्यतिमात्र नभएर स्वयं आफूले पढाइमा मन नलागेर साउदी गएको

रोशनीको दाइ उसलाई "मैले पढ्न नसके पनि तँलाई म पढाउँछु रोशनी । यो दाइ रहुन्जेल केही पिर नगर्" (पृ. ८८) भन्छ ।  पढाइको महत्त्वबारे रोशनीलाई सम्झाउदै "रोशनी मैले त पढ्न सकिनँ । तैँले खुब पढ्नुपर्छ । नपढ्दा कस्तो दुःख पाइँदो रहेछ यहाँ आएपछि मात्र मैले थाहा पाएँ । तैँले अब पढेर कुलको इज्जत राख्" (पृ. ८८) भन्ने दाइ मिसिनले किचेर मरेपछि उसको पढ्ने सपना अधुरो रहन्छ । कलेज पढ्दै गरेकी रोशनी क्षितिजसँग प्रेम गर्छे । ऊ दाजुको मृत्युको घटना क्षितिजलाई सुनाउँछे । क्षितिज प्रेमलाई भन्दा राष्ट्रलाई महत्त्व दिन्छ । सामन्ती व्यवस्थाकै कारण रोशनीका दाइको मृत्यु भएको भन्दै राजनैतिक परिवर्तनमा लाग्न प्रेरित गर्छ । क्षितिजकै प्रभावका कारण रोशनी पनि उसँगै द्वन्द्वमा सहभागी हुन्छे तर एउटा भिडन्तमा आफ्नै साथी आकाशले क्षितिजको हत्या गरेपछि रोशनीको जीवनमा अर्को पीडा उत्पन्न हुन्छ । यस्ता पीडा भोगेर भाग्दैभाग्दै इजरायल पुगेकी रोशनी अरुसँग "मैले दुःख र चिन्तालाई नेपालमै छोडेर आएकी छु" (पृ. ९४) भन्छे । "तर हरेक बिहान उसको सिरानी भने भिजेको हुन्छ" (पृ. ९४) भन्ने उपन्यासकारको अभिव्यक्तिले रोशनीको अभिघातजन्य मनोदशालाई प्रस्तुत गर्दछ । उसले पीर र चिन्ता नेपालमै छोडेर आएको भने पनि मान्छेलाई समस्याले कतै पुगे पनि छोड्दैन, पछ्याइरहन्छ भन्ने कुरा रोशनीको जीवनमा इजरायलमै घटेका घटनाले देखाउँछन् । 'रोशनीको बाँकी कथा' शीर्षकको खण्ड रोशनीको भयाक्रान्त, दुर्घटित, अभिघातित कथाका रूपमा देखापरेको छ । "म इजरायलमा फेरि जन्जिरहरूमा बेरिन आएकी होइन । भएका जन्जिरहरूबाट मुक्त हुन आएकी हुँ" (पृ. १८९) भन्ने रोशनी प्रेमको बाटो हुँदै जन्जिरमा यसरी जकडिन पुग्छे कि अन्त्यमा बिच्छिप्त अवस्थामा लापता हुन्छे ।

इजरायलको एउटा पार्कमा प्रमोद नामको भारतीय युवकसँग भेट भएपछि प्रेममा परेकी रोशनी विवाह नै नगरी सँगै बस्न थाल्छे । मोबाइल डेरामै छोडेर काममा गएको दिन प्रमोदको बाबुले फोन गरेर प्रमोदका छोराछोरी र स्वास्नीबारे कुरा गरेपछि रोशनीको मनमा परेको आघातलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ "एक सेकेन्डमै रोशनीको सपनाको महल गर्ल्यामगुर्लुम ढलेको थियो । ...जसलाई उसले पतिपरमेश्वर ठानेर सम्पूर्ण रूपले समर्पित भएकी थिई त्यो त मिथ्याको पोको रहेछ । जाली रहेछ" (पृ. १९५) । प्रमोदसँग प्रतिशोध लिन कस्सिएकी रोशनीले कक्षा आठमा पढ्दै गर्दा आफूलाई मन पराउने दिलबहादुरलाई सम्झन्छे । उसँग सम्पर्क भएपछि नेपाल गएर उसैसँग बिहे गरेर इजरायल फर्कन्छे । रोशनीको सिन्दुर पोते देखेर रिसाएको प्रमोद उसलाई पिट्न थाल्छ । बदलाकै भावनामा प्रमोदले आफू र रोशनीका फोटा दिलबहादुरलाई सेन्ट गरिदिएपछि मनको चोट खप्न नसकेर घरबाट हिंडेको दिलबहादुर सधैका लागि हराउँछ ।

मौका छोपेर प्रमोदबाट मुक्त हुन भागेकी रोशनीले नयाँ मोबाइल किनेर दिलबहादुरलाई सम्पर्क गर्न खोज्छे तर "नेपालबाट आएको जवाफ उसको मुटुमा शूल बनेर गाडियो । जुन त्यान्द्रो समाएर किनार भेट्ने आश गरेकी थिई त्यो पनि चुडियो" (पृ. २०३) भन्ने अभिव्यक्ति रोशनीका जीवनमा उत्पन्न अभिघातलाई मर्मस्पर्शी ढङ्गले प्रस्तुत गर्दछ । उसको नयाँ नम्बर पत्ता लगाएर प्रमोदले "तिमीलाई म कहीँ गए पनि छाड्दिनँ । मृतसागरको पिंधबाट पनि निकालेर छाड्छु" (पृ. २०४) भन्नेजस्ता धम्की दिन थालेपछि रोशनी सपनामा समेत डराउन थाल्छे । रोशनीका मनमस्तिष्कमा प्रमोदको जुन भय देखिन्छ; उसको धम्की र फोनसम्मले जुन रूपमा रोशनी आतङ्कित हुन्छे त्यो अभिघात हो भन्ने देखिन्छ । एकाएक हराएकी रोशनीलाई पार्वतीले खोज्छे तर कतै पत्ता लाग्दैन । भूमध्य सागरमा टोलाएको, पुलिसले समातेर लगेको जस्ता हल्लाहरू सुनिन्छन् । यसरी विन्दास देखिने र दुःख चिन्ता नेपालमै छोडेर आएकी छु भन्ने रोशनीको इजरायली जीवन आफैमा अभिघातजन्य भोगाइको कारुणिक दारुण कथाका रूपमा देखापरेको छ ।

### *इनेसको अभिघात भोगाइ*

इनेस उपन्यासकी अर्की महत्त्वपूर्ण पात्र हुन् । जर्मनीको बर्लिन सहरमा जन्मिएर पछि म्युनिखमा बस्दै आएकी इनेस हिटलरले यहुदीहरूमाथि दमन गर्न थालेपछि हजारौँ लाखौँ यहुदीको हत्या गरिदिएपछि आफ्नै आँखाअगाडि लोग्ने र परिवार बाबु, दाइ, भाइ र छोरीको हत्या भएको देखेपछि भाग्दै ज्यान बचाउँदै इजरायल आइपुगेकी नारी हुन् । इजरायल आएर पुनः बिहे गरेकी इनेसकी छोरी साराले इनेसको निम्ति खोजिदिएकी केयर गिभरको रूपमा पार्वती उनको घरमा पुग्छे । वर्षौंअघि आफ्नै अगाडि हिटलर र नाजी सेनाको क्रूरता, हिंसा देखेकी इनेसमा वृद्धावस्थासम्ममा पनि त्यसको मानसिक प्रभाव देखिन्छ । पहिलोपटक इनेसकोमा पुगेकी पार्वतीलाई कतै देखेको चिनेको भन्ने शंका गर्ने इनेसले पार्वतीले नजानेर भुलबस पेसाख पर्वमा ब्राउन ब्रेड घरभित्र ल्याएपछि त्यसबाट आक्रोशित भएर भन्छिन् :

> तँ मलाई षड्यन्त्र गरेर मार्न इजरायल आएकी होस् । तँ इभा होस् । इभा ब्राउनकी साथी होस् तँ । हिटलरकी प्रेमीकाकी साथी । त्यही हिटलर जसले साठी लाख यहुदीहरूलाई माऱ्यो । त्यसले त मेरो परिवार नै सखाप पारिदिएको थियो । तँ पनि तिनीहरूसित मिलेकी थिइस् । त्यसैले आज पनि मलाई मार्न यहाँ आएकी होस् किनभने म यहुदी हुँ । (पृ. ६७)

इनेसको यसप्रकारको पागलपन सहन नसकेर नोकरी छोडेकी पार्वती पुनः दोस्रो पटक इनेसकोमा काम गर्न पुगेपछि क्षमा माग्दै छोरी सरह माया गरेर आफ्नो कहानी सुनाएकी छन् । उनको कथामा पीडादायी अभिघातजन्य भोगाइ अभिव्यक्त भएको पाइन्छ, जसलाई बिर्सन नसकेर वर्षौंपछि वृद्धावस्थामा समेत इनेस हिटलरसँग डराइरहेकी भेटिन्छिन् । इनेस पार्वतीलाई भन्छिन् “यो इजरायलमा मजस्ता बूढाबूढीहरू धेरै छन् । हामी सबैले हिटलरको आतङ्कलाई एकदमै नजिकबाट भोगेका छौँ । त्यसैले त्यो आतङ्कले हामीलाई आज पनि झस्काइरहन्छ” (पृ. १०५) ।

आफ्नै आँखाअगाडि लोग्ने बेन्जामिनलाई नाजी सेनाले गोली हानेपछि ज्यान जोगाउन छोरीलाई लिएर भाग्दै माइतमा पुगेकी इनेसले अघिल्लो राति फैक्ट्रीमा काम गरिरहेका आफ्ना भाउजूहरूलाई बलात्कार गरी हत्या गरेको थाहा पाउँछिन् । इनेसका बाबुले अर्कोदिन बिहानसम्म आफूहरू भाग्नुपर्ने बताउँछन् तर राती नै नाजी सेनाले इनेसकै आँखाअगाडि बाबुको हत्या गर्छ । नाजी सेनाले इनेसका बाबुको बीभत्सतापूर्वक गरेको हत्यालाई यसरी प्रस्तुत गरिएको छ “बाबालाई धकेल्दै बाहिर निकाले अनि हात खुट्टा गर्दै पालैपालो शरीरका अङ्ग गिड्न थाले छ्याकछ्याक” (पृ. १०८) । त्यहाँबाट भाग्दै गरेकी इनेसले पहिला ठूलोदाइलाई त्यसपछि सानो दाइलाई र आफ्नी काखकी छोरीलाई मारेको देख्छिन् । आमा र आफूलाई गिरफ्तार गरेर ट्रकमा लाँदैगर्दा बाच्नुपर्छ भनेर आमाले ट्रकबाट धकेलिदिएको घटनालाई सम्झँदै इनेस भन्छिन् :

> यतिका वर्ष बितिसक्दा पनि मैले त्यो क्रूर विगतलाई कसै गरी भुल्न सकेकी छैन । त्यो आतङ्कले दुःस्वप्न बनेर अहिले पनि मेरो निद्रा बिथोल्छ । आज पनि म उसरी नै सराप्छु दुष्ट हिटलर तेरो सत्यानास होस् । तेरो आत्माले कहिल्यै शान्ति नपाओस् । (पृ. १११)

### *उपन्यासमा अभिघातजन्य जीवन भोग्ने अन्य पात्रहरू*

यस उपन्यासका दुर्घटनाजन्य जीवन भोग्ने मुख्य पात्रहरू पार्वती, रोशनी र इनेस हुन् । यसका साथै अन्य थुप्रै त्यस्ता पात्रहरूका कथाव्यथाहरू उपन्यासमा अभिव्यक्त छन् जो मार्मिक, कारुणिक, जीवन भोग्न विवश छन् । उनीहरूका जीवन भोगाइ अभिघातजन्य छन् । त्यस्ता पात्रहरू केही नेपाली युवतीहरू छन् भने केही इजरायली वृद्ध नारीहरू छन् ।

***अभिघात भोग्ने नेपाली युवतीहरू :*** *तोदा* उपन्यासमा पार्वती र रोशनीका साथै अन्य थुप्रै नेपाली युवतीहरूले आफ्नो जीवनमा भोग्नुपरेका दुर्घटना, धोका, चोटआदि अभिघातजन्य भोगाइलाई प्रस्तुत गरिएको छ । यस्ता पात्रमध्येकी एक महत्त्वपूर्ण पात्र थिरकुमारी हुन् । यिनी सहायक पात्र हुन् । आफू इजरायलमा अपार्टमेन्टमा बस्दै आएकी थिरकुमारी एक परिपक्व नारीका रूपमा देखिन्छिन् । उनी नेपालबाट इजरायल जाने अन्य युवतीहरूलाई काम नभेटुन्जेल आफूसँगै राख्ने र अलपत्र परेको अवस्थामा सहयोग गर्ने पात्र हुन् । उपन्यसामा थिरकुमारीको जीवन समेत अभिघातित वा दुर्घटित हुन पुगेको देखाइएको छ । थिरकुमारीलाई आफ्नै श्रीमान्ले धोका दिन्छ । इजरायल गएपछि थिरकुमारीले पठाएको पैसाले बजारमा घर किन्छु भन्ने श्रीमान् लालबहादुर छिमेकी गाउँकी धर्मीसँग लाग्छ र उसैका नाममा दमकमा घर किनिदिन्छ । यो थाहा पाएपछि सहन नसकेकी थिरकुमारीलाई इजरायलमै आत्महत्या गर्ने विचार आउँछ तर साथीहरूले सम्झाउँछन् ।

अर्की पात्र भावनाको कथा ज्यादै छोटो तर मार्मिक र अभिघातजन्य छ । सात वर्ष अघि दुबई गएको श्रीमान्ले उतै बिहे गरेपछि सन्तानको भविष्य सम्झेर तीनमहिनाअघि इजरायल पुगेकी भावनाका श्रीमान्को मृत्यु भएपछि ऊ बेहोस् हुन्छे । "लोग्ने जहाँ भए पनि सिन्दुर त मसँगै थियो । अब त्यो पनि रहेन । विधवा भएर समाजमा कसरी बाँच्ने ?" (पृ. १६७) भन्ने उसको अभिव्यक्तिमा अभिघातजन्य मनोदशाको परिचय पाइन्छ ।

नीतिको कथा पनि अभिघातका दृष्टिले महत्त्वपूर्ण छ । ज्यादै हिम्मतिली स्वभावकी नीति लोग्नेले लागुपदार्थ किनबेचको आरोपमा साउदीमा फाँसीको सजाय पाएपछि सात वर्षकी छोरीको भविष्य सम्झेर इजरायल जान्छे । ऊ "मेरी सात वर्षकी छोरी छे । त्यसका लागि पनि म बलियी हुनुपर्छ । अब त त्यही छोरी नै मेरी जीवन बाँच्ने बहाना हो" (पृ. १६७) भन्छे तर आफ्नै जेठाजुले बलात्कार गरेर छोरीको हत्या गरिदिएपछि ऊ पागल हुन्छे र अरुका बच्चालाई आफ्नो भनेर खोस्न खोज्छे ।

लोग्ने भक्तराजसँग इजरायलमा सँगै बस्ने रिना लिभइन काममा बस्नुपर्ने भएपछि भक्तराज भीमासँग नजिकिन्छ । एकदिन रिनाले उनीहरूलाई रङ्गेहात समातेपछिको उसको मनोदसालाई यसरी प्रस्तुत गरिएको छ "...उसको दिमाग शून्य भयो । उसको पैतालानेरै पहिरो गयो । ... मनमा भयानक आँधी चल्यो" .पृ. १३८) । यसरी रिनाको जीवनमा अभिघात बनेर आएकी भीमा पनि आफूले कमाएर पठाएको पैसा लोग्नेले अर्कै नारीमाथि लुटाएको थाहा पाएपछि मर्माहत भएकी हुन्छे ।

***अभिघात भोग्ने इजरायलीहरू :*** प्रस्तुत *तोदा* उपन्यासमा इजरायली यहुदीहरूले हिटलरबाट भोगेका यातनापूर्ण पीडा, व्यथाका कथाहरूको अभिव्यक्ति पाइन्छ । यस दृष्टिले इनेस प्रमुख पात्र हुन् भने अन्य थुप्रै पात्रहरूले आफ्नो लामो जीवनमा शारीरिक तथा मानसिक यातनाको सामना गर्दै भयाक्रान्त जीवनयापन गरेका विषयहरू उपन्यासमा प्रस्तुत भएका छन् ।

यस उपन्यासमा प्रस्तुत गरिएका अभिघातजन्य जीवन भोग्ने पात्रहरूमा इनेसपछि सुहामको कथा ज्यादै मार्मिक र अभिघातजन्य छ । जर्मनीको बर्लिन सहरबाट केही टाढाको गाउँमा बस्ने सुहामका बाबु पानीजहाजबाट फ्रान्स जान लाग्दा नाजी सेनाले जहाजमै आक्रमण गरेर मारिदिन्छन् भने अर्कैदिन उसको गाउँ नै ध्वस्त पारिदिन्छन् । ध्वस्त घरमा संयोगले बाँचेकी सुहामको अवस्थालाई प्रस्तुत गर्दै भनिएको छ "उनको टाउकोभरि रगत लतपतिएको थियो । एउटा हात भाँचिएर लहरोझैं जता पनि लत्रिने भएको थियो" (पृ. २१०) । घाइते अवस्थामै १० किलोमिटर हिँडेर काकाको घर पुग्दा काकाको घर समेत हुर्हुरी बलिरहेको हुन्छ ।

मसानघाटमा परिणत भएको बस्तीमा घाइते भएर पानी मागिरहेकालाई पानी दिनेसम्मको अवस्था रहँदैन । पानी र भोकले छट्पटाएर एउटा भग्नावशेषमा पुग्दा कुहिएर गनाएको खानेकुरा, धुँवाले निसासिएर मरेका बच्चाको लास, पर्खालमा पुरिएका लास देखेकी सुहामले काँचो मेक्रोनी चबाएर ट्वाइलेटको पानी खाएको प्रसङ्ग ज्यादै मार्मिक छ । त्यस्तै अवस्थामा भेटिएकी आफ्नी छिमेकी एस्टेरको अवस्थाको चित्रण गर्दै भनिएको छ "एस्टेरको शरीर भोकले गलेको थियो । त्यसैले उनले काँचो म्याकरोनी चपाउन सकिनन् । सुहामले आफैले चपाएर एस्टेरका मुखमा हालिदिइन्" (पृ. २१३) । सुहामले केही टाढा देखेका मानिसहरूको चित्रण गर्दै भनिएको छ "...तिनीहरूमध्ये सद्दे कोही पनि थिएनन् । कसैका हात भाँचिएका थिए । कसैका खुट्टा लुला भएका थिए । कसैको शरीरभरि रगत लतपतिएको थियो । कसैले एउटा आँखो नै गुमाएका थिए" (पृ. २१३) । सुहाम र एस्टेरसँग घटेको जर्मनी घटना र इजरायलको यात्रा चरम भयाक्रान्त, बीभत्स, दारुण छ । सुहामको वृद्धावस्थासमेत उस्तै पीडामय देखिन्छ । उनले पार्वतीसँग गुनासो गर्दै भन्छिन् "पोहोर बाथरुमबाट लडेर ढाड भाँचिदा एक महिना हस्पिटल बसेँ । छोराले फोन गरेर कस्तो छ ? सम्म भनेन" (पृ. २१६) ।

यस उपन्यासमा हिटलरी आतङ्कको भयलाई बोकेरै जीवनको लामो समय बाचिरहेकी अर्की वृद्ध खाया हुन् । पार्वती उनकोमा केयर गिभर भएर गएपछि आफ्नी छोरी सविखालाई भन्छिन् "सविखा, यिनलाई भन, मलाई कहिल्यै पनि एक्लै छोडेर नजानू । नत्र मलाई हिटलरका सेनाले समात्छन् । अनि यातना दिएर मार्छन् । उफ् कति डरलाग्दो छ हिटलर । कति क्रूर छन् उसका सेनाहरू !" (पृ. ९७) । अन्त्यमा मर्नेबेलामा समेत अत्तालिइरहेकी खाया भन्छिन् "हिटरल आयो, नाजी सेना लिएर । साठी लाख यहुदीहरूलाई मारिसक्यो हिटलरले । यसले मलाई समातेर लैजान्छ अब । मार्छ मलाई । मलाई अब कसैले पनि बचाउन सक्दैन" (पृ. १०१) । खायाको यस अभिव्यक्तिले जीवनको कुनै कालखण्डमा भयानक दुर्घटना भोगेर त्यसको प्रभावबाट मानसिक रूपमा मुक्त हुन नसक्ने अभिघातको अवस्थालाई प्रस्तुत गरेको छ ।

इजरायलीहरूमध्ये जर्मनमा हिटलरको आतङ्क भोग्दै भागेर ज्यान बचाएकाहरूमध्ये अब्राहम र मिसेलको कथा पनि देखापर्दछ । एउटै कलेज पढ्ने एकअर्कोलाई माया गर्ने अब्राहम र मिसेल भाग्ने क्रममा छुट्टिन्छन् । अब्राहमलाई गोली लागेकोले एउटा हात चल्दैन । इजरायल आइपुगेर पनि दुवैले एकअर्कोलाई नै पर्खिबस्छन् । बुढेसकालमा जब उनीहरूको भेट हुन्छ अल्जाइमरका कारण मिसेल अब्राहमलाई चिन्न समेत सक्दिनन् ।

यसप्रकार प्रस्तुत उपन्यास *तोदा*मा अभिव्यक्त कथाले मूलतः मानवीय जीवनका अनेक प्रकारका अभिघातको अभिव्यञ्जन गरेको छ भने अर्कोतर्फ नेपाली युवतीहरूले भोगेका युद्धजनीन, प्रेमजनीन र यौनदुर्घटना जनीत दुर्व्यवहारका घटनाहरू यस उपन्यासमा अभिघातका रूपमा देखापरेका छन् भने अर्कोतर्फ हिटलर तथा नाजी सेनाको आतङ्कबाट आक्रान्त बनी जीवन भोग्दै आएका यहुदी महिलाहरू र पुरुषसमेतका अभिघातजन्य भोगाइ उपन्यासमा प्रस्तुत भएको छ । उपन्यासमा मूलतः पार्वती, रोशनी तथा इनेसका साथै थिरकुमारी, भावना, नीति, रिना, भीमा, सुहाम, एस्टेर, खाया, अब्राहम र मिसेलका कथाहरूले अनेक किसिमका विसङ्गत जीवन भोगाइ र भौतिक तथा मानसिक यातना, भय, त्रास, आतङ्कजन्य अभिघातको सामना गरिरहेका देखिन्छन् । उनीहरूले भोगेका तिनै अभिघातको कथाका रूपमा *तोदा* उपन्यास देखापरेको छ ।

## निष्कर्ष

उमा सुवेदीद्वारा लेखिएको उनको पहिलो उपन्यास *तोदा* मूलतः द्वन्द्वबाट प्रभावित भएका नारीहरूका कथालाई प्रस्तुत गरिएको उपन्यास हो । यस किसिमका युद्ध वा द्वन्द्वबाट प्रभावित तथा विभिन्न किसिमका आघातहरू सहँदै, व्यहोर्दै र त्यसबाट प्रभावित हुँदै बाच्नेहरूका कथालाई प्रस्तुत गरिएका साहित्यलाई ट्रौमा

अर्थात् अभिघात साहित्य भनिन्छ । सत्रौं शताब्दीतिरबाट प्रयोगमा आएको यस शब्दले प्रारम्भमा शारीरिक चोटपटक, अङ्गभङ्ग हुने अवस्थालाई बुझाउने गर्थ्यो भने विशेषतः दोस्रो विश्वयुद्धपछि यसको अर्थमा व्यापकता आयो र यसले मानसिक रूपमा आघात भोग्नेहरूलाई समेत बुझाउन थाल्यो । उन्नाइसौँ शताब्दीको अन्त्यबाट साहित्यमा विशेष महत्त्व पाएको अभिघात उत्तरआधुनिक बहुलवादी साहित्यको एउटा महत्त्वपूर्ण धार हो ।

उमा सुवेदीले आफ्नो *तोदा* उपन्यासमा मूलतः यही अभिघात सिद्धान्तलाई उपयोग गर्दै आफ्नो जीवनमा अनेक प्रकारका घात प्रतिघात, धोका, छल, दुर्घटना, आदिको सामना गरेका विशेषतः मानसिक तथा केही मात्रामा शारीरिक पीडा भोगेका पात्रहरूलाई प्रस्तुत गरी तिनका कथाव्यथाहरूलाई प्रस्तुत गरेकी छन् । यस उपन्यासमा अभिघातजन्य जीवन भोगेका पात्रहरू नारी रहेकोले (अब्राहम र दिलबहादुर अपवाद) यस उपन्यासलाई नारी अभिघातको प्रस्तुति भन्न मिल्ने देखिन्छ । यस उपन्यासमा एकातिर दोस्रो विश्वयुद्धका बेला हिटलर र उसको नाजी सेनाले साठीलाख यहुदीहरूको हत्या गरेको तथा असङ्ख्य यहुदीलाई अङ्गभङ्ग बनाएको पृष्ठभूमिमा ज्यान जोगाउँदै भागेर इजरायल आइपुगेका वृद्ध नारीहरूको अभिघात मनोदशालाई प्रस्तुत गरिएको छ भने अर्कोतर्फ नेपालमा चलेको दशवर्षे सशस्त्र द्वन्द्वबाट प्रभावित नारीहरूका मनोदशालाई प्रस्तुत गरेको छ । यसका साथै लोग्नेबाट धोका खाएका, लोग्नेको मृत्युका कारण विधवा भएका, आफन्तबाट बलात्कृत भएका वा आर्थिक रूपमा ठगिएका नारीहरूको पीडालाई प्रस्तुत गरिएको छ ।

उपन्यासमा पार्वती, रोशनी र इनेस अभिघात भोग्ने प्रमुख पात्र हुन् । पार्वती बाल्यकालमा बाबुको माया नपाएकी, बाबुले माया गर्न थालेपछि लापता भएको र छापामारले द्वन्द्वमा लाग्न दबाब दिएकोले काठमाडौं पुगेकी हुन्छे । नोकरी लाइदिने बहानामा आफ्नै गाउँको नेताले होटलमा बलात्कार गरेर छाडेपछि प्रेमी समुद्रबाट समेत धोका पाएको पात्र हो । समुद्रले पुनः प्रेमको नाटक गरी पैसा मागेर धोका दिएको छ । आमाको आग्रहमा सागरसँग विवाह गरेपछि द्वन्द्वमा लोग्ने मारिन्छ भने सासू र देवरले उसले लोग्नेका नाममा पठाएको पैसा फर्काउँदैनन् । इजरायलबाट सदाका लागि नेपाल फर्कन लाग्दा दाजुले सारा पैसा ढुकुटीमा सिध्याएकोले नेपाल नफर्कन भनी आमाले फोन गरेपछि अलपत्र परेकी छ । यी सारा घटना पार्वतीको जीवनलाई दुर्घटित बनाउने घटना भएकाले यी पार्वतीका अभिघात जीवन भोगाइ हुन् । त्यसैगरी क्याम्पस पढ्दै गरेकी रोशनीलाई धेरै पढाउने रहर बोकेको दाजुको साउदीमा मृत्यु हुन्छ । ऊ प्रेमी क्षितिजसँगै जनयुद्धमा लाग्छे तर आफ्नै साथीले क्षितिजको हत्या गरिदिएपछि जनयुद्धप्रति वितृष्णा उत्पन्न हुन्छ र काठमाडौं पुग्छे । त्यहाँ पनि पुलिसले पछ्याएपछि इजरायल पुगेकी रोशनीले भारतीय युवक प्रमोदसँग प्रेम गर्छे तर उसको बिहे भैसकेको थाहा पाएपछि बदला लिन अर्को बिहे गरे पनि प्रमोदले नछोडेपछि भाग्छे र अन्त्यमा पागल हुन्छे र लापता हुन्छे । रोशनीको जीवनका यी घटनाहरू उसको जीवनका दुर्घटना हुन् र उसको लागि यी अभिघात हुन् । यहुदी वृद्ध इनेसले आफ्नै आँखाअगाडि नाजी सेनाले पतिको हत्या गरेको देख्छिन् । बाबुलाई र दुई दाजुहरूलाई हत्या गरेको देख्छिन् । भाउजूहरूलाई बलात्कार गरेर मारेको खबर सुन्छिन् भने नाबालक छोरीलाई ढुङ्गामा पछारेर मारेको देख्छिन् । भाग्दै ज्यान जोगाउँदै इजरायल पुगेकी इनेसले बुढेसकालमा समेत हिटलरको डर त्रास बिर्सन सक्दिनन् र बेलाबेला त्यसबाट त्रसित हुन्छिन् । उनका जीवनका यी घटनाहरूले उनको मनमा जुन भय त्रास सिर्जना गरेको छ आफ्नै अगाडि परिवारको हत्याको जुन दृश्य देख्नुपरेको छ त्यो पीडा बोकेर उनले जसरी जीवन बाँच्नुपरेको छ त्यो उनको कहालीलाग्दो अभिघात हो ।

यी तीन पात्र जीवनमा अभिघात भोगेका उपन्यासका प्रमुख पात्र हुन् भने अन्य थुप्रै पात्रले कहालीलाग्दा दुर्घटना सहनुपरेको छ । यस्ता पात्रहरूमा थिरकुमारी महत्त्वपूर्ण छन् । यिनी आफ्नै लोग्नेबाट धोका पाएकी

पात्र हुन् । अर्की पात्र भावनाको लोग्ने दुबईमा अर्को बिहे गर्छ । उनी सन्तानको भविष्य सम्भ्रेर इजरायल आउँछिन् तर लोग्नेको मृत्युको खबरले सिन्दुर खोसिएको पीडा सहन सक्दिनन् । नीति लोग्नेले लागुपदार्थको आरोपमा मृत्युदण्ड पाएपछि सातवर्षे छोरीको भविष्य सम्भ्रेर इजरायल आउँछे तर आफ्नै जेठाजुले बलात्कार गरेर छोरीको हत्या गरिदिन्छ । भीमाको लोग्नेले भीमालाई धोका दिन्छ भने भीमा रिनाको लोग्नेसँग लागेर रिनाले धोका पाउँछे । यसरी यी पात्रहरू उपन्यासमा सहायक वा गौण पात्रका रूपमा उपस्थित भए पनि उनीहरूले भोगेका दुर्घटनाहरू जीवनका लागि असह्य पीडादायक अभिघातजन्य छन् ।

यसैगरी उपन्यासमा थुप्रै इजरायली पात्रहरू पनि प्रस्तुत भएका छन् । जसले मूलतः दोस्रो विश्वयुद्धका बेला हिटलरको चरम यातना भोगेका छन् । त्यस्ता पात्रहरूमा सुहामको जीवन कहालीलाग्दो छ । बाबुको मृत्यु, गाउँ नै ध्वस्त भएपछि र परिवारका सबैको मृत्यु भएपछि भागेर काकाको घर पुग्दा घर जलेको देखेपछि अलपत्र भाग्दै इजरायल आउँछिन् । इजरायल आएर पुनः बिहे गरेकी सुहामलाई वृद्धावस्थामा सन्तानले वास्ता गर्दैनन् । उनका यी पीडाहरू अभिघातजन्य छन् । सुहामकी साथी एस्टेरको जर्मनीको घटना पनि कहालीलाग्दो छ । उनी इजरायल आइपुग्दा मर्छिन् । अर्की वृद्ध खाया सधैं हिटरल मलाई मार्न आउँछ भन्ने त्रासमा बाँचेकी मनोरोगी हुन् भने अब्राहम र मिसेलको कथा पनि कारुणिक छ । कलेजमा ज्यान जोगाउन भाग्ने क्रममा छुट्टिएका उनीहरू बुढेसकालमा भेटिन्छन् तर अलजाइमरका कारण मिसेल चिन्दिनन् र पनि पार्कमा अब्राहम उनलाई घन्टौं कुरेर बस्छन् । यस्ता भौतिक तथा मानसिक पीडा, त्रास, भय, बोकेर जीवनमा बाँचिरहेका दुई भूगोलका र दुई भिन्नभिन्न समयका पात्रहरूलाई एउटै कथासूत्रमा उनेर प्रस्तुत गरिएको प्रस्तुत उपन्यास नारीहरूले आफ्नो जीवनमा युद्धका कारण, द्वन्द्वका कारण पति वा प्रेमीले धोका दिएका कारण, बलात्कृत भएका कारण भोग्नुपरेका पीडाहरूलाई उपन्यासमा प्रस्तुत गरिएको छ । अतः यो उपन्यास अभिघातजन्य जीवनभोगाइको सशक्त अभिव्यक्ति हो ।

## सन्दर्भसूची


आप्टे, वामन शिवराम (सन् १९६९). *संस्कृत-हिन्दी कोश* द्वितीय संस्क.. दिल्ली : मोतीलाल बनारसीदास पब्लिशर्स ।

कोइराला, कुमारप्रसाद (२०६६). *आख्यान विमर्श.* काठमाडौं : ओरिएन्टल पब्लिकेसन ।

गौतम, लक्ष्मणप्रसाद (२०६६). *उत्तरआधुनिक नेपाली समालोचना.* काठमाडौं : ओरिएन्टल पब्लिकेसन ।

गौतम, लक्ष्मणप्रसाद (२०६७). 'उत्तरआधुनिक समालोचनामा कृति विश्लेषणका पद्धति र प्रारूप' *भृकुटी* (पूर्णाङ्क १०, माघ, फागुन, चैत). पृ. ३८४-३९८ ।

त्रिपाठी, वासुदेव (२०५८). *नेपाली बृहत् शब्दकोश* पाँचौं संस्क.. काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

पौड्याल, एकनारायण (२०७०). *समालोचनाको स्वरूप र पद्धति.* चितवन : विमर्श नेपाल ।

भट्टराई, गोविन्दराज (२०६४). *उत्तरआधुनिक विमर्श.* काठमाडौं : मोडर्न बुक ।

शर्मा, मोहनराज (२०६६). *आधुनिक तथा उत्तरआधुनिक पाठकमैत्री समालोचना.* काठमाडौं : क्वेस्ट पब्लिकेसन ।

सुवेदी, उमा (२०७६). *तोदा* तेस्रो संस्क.. काठमाडौं : साङ्ग्रिला पुस्तक प्रा.लि. ।